**स्थानीय राजपत्र**

**मैवाखोला गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड (१) साँघु, भाद्र ६ गते २०७९ साल (संख्या ५)**

**भाग- २**

# एक घर एक करेसाबारी कार्यक्रम सञ्चालन सन्बन्धी कार्यविधि, २०७९

**कार्यपालिकाबाट स्वीकृत मितिः२०७९।०५।०६**

**राजपत्रमा प्रकाशित मितिः२०७९।०६।०५**

# एक घर एक करेसाबारी कार्यक्रम सञ्चालनसम्बन्धी कार्याविधि, २०७९

**मैवाखोला गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**साँघु, ताप्लेजुङ**

**गाउँपालिकाबाट स्वीकृत मिति: २०७९।०५।०६**

# एक घर एक करेसाबारी कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि २०७९

**प्रस्तावनाः-**यस मैवाखोला गाउँपालिका कृषि बालि वस्तुहरुको दृष्टिकोणबाट राम्रो सम्भावना बोकेको गाउँपालिका मान्न र गन्न सकिन्छ । यहाँ नगदै बालीको रुपमा अलैची, अदुवा, अम्लीसो,जडिबुट्टी मौसमी तथा बेमौसमी फलफुल बाली र तरकारी बालीहरुको व्यावसायीक खेती तथा ति बालीको बिस्तार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिन्छ। प्लास्टिक टनेल/जैविक मल/जैविक विषदी/अन्न वालीको विउ विजन/तरकारीको विउ विजन/सिचाँई/कृषि जन्य सामाग्री तथा औजार उपकरण वितरण गरी अर्गानिक तथा ताजा तरकारी उत्पादन हुने छ । कृषकहरुको स्वास्थ्य तथा आर्थिक स्थीतिमा टेवा पुर्याउन यो कार्यविधि बनाई लागु गरिएको छ ।

**उद्धेश्य :-**

(क) कृषकहरुले अर्गानिक तथा ताजा तरकारी उत्पादन गर्न ।

(ख) कृषकहरुलाई तरकारी खेतिमा आत्मनिर्भर बनाउन ।

(ग) कृषकहरुको घरमा वर्ष भरी ताजा तरकारी उत्पादन गर्न ।

(घ) कृषकहरुको स्वास्थ्य तथा आर्थिक स्थीतिमा टेवा पुर्याउन ।

(ङ) उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न ।

**फाईदा :-**

अहिले हाम्रो भान्सामा भित्रिने सागसब्जी बजारबाट आयत हुन्छ । व्यावसायीक खेतीले गरिने तरकारी खेतीबालीमा रसायनिक मलखाद, किनाषक औषधी र विषदीको प्रयोग गरिन्छ । यस्ता रसायन सोझौ हाम्रो शरीरमा भित्रिन्छ । क्यान्सर, मिर्गौलाको रोग, मुटु रोग जस्ता समस्याको कारण अहिले हामीले खाने यस्ता विषाक्त सागसब्जी नै हो । विषाक्त सागसब्जीको प्रयोगले शरिरलाई हानि नोक्सानी गर्दछ । घरमा करेसाबारी बनाउदा अर्गानिक सगसब्जी खान पाईन्छ । आफ्नो फुर्सत समयलाई उत्पादनसिल बनाउने छ । करेसाबारी हुदाँ अर्को फाइदा भनेको घरको फोहोर व्यावस्थापन गर्ने ठाउँ मिल्छ । भान्सामा दिनहुँ यस्ता कुराहरु उत्पादन हुन्छ, जो फोहोर मैलाको रुपमा हामी डस्बिनमा मिल्काउँछौ । सड्ने, गल्ने र कुहिएका खाने कुरालाई हामीले मलको रुपमा प्रयोग गर्न सक्छौ । यसले गर्दा एकातिर घरको फाहोर मैलाको व्यावस्थथपन हुन्छ । त्यसै गरी भाँडावर्तन माझेर वा अन्य प्रयोग गरेको फोहोर पानीलाई करेसाबारीमा प्रयोग गर्न सकिन्छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.(क) संक्षित नाम र प्रारम्भः-**यो कार्यविधिको नाम एक घर एक करेसाबारी कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि २०७९ रहेको छ ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुने छ ।

**२.परिभाषा:-विषय वा प्रंसगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा:**

**(क) एक घर एक करेसाबारी भन्नाले"** यस मैवाखोला गाउँपालिका भित्रको प्रत्येक कृषकहरुको एक घर बराबर एक करेसा बारी आफ्नो घर नजिकको खेत तथा बारीमा करेसा बारी बनाई वर्ष भरि नै विभिन्न प्रकारको अर्गानिक तथा तजा तरकारी आफ्नो भान्सामा प्रयोग गर्नको लागी तरकारी उत्पादन गर्ने स्थान सम्झनु पदर्छ ।

**(ख)प्लास्टिक टनेल भन्नाले"** यस मैवाखोला गाउँपालिका भित्रको प्रत्येक कृषकहरुको आफ्नो घर नजिकको खेत तथा बारीमा निर्माण गरिएको करेसा बारीमा वर्ष भरि नै मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्न बनाइएको घरलाई प्लास्टिक टनेल घर सम्झनु पदर्छ

(ग)गाउँपालिका भन्नाले" यस मैवाखोला गाउँपालिका सम्झनु पदर्छ ।

**(घ) कृषक भन्नाले"** भन्नाले यस ऐनको प्रयोजनका लागी कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायीक कृषि खेति गर्ने कृषक, कृषक समुह, कृषि व्यावसायी, कृषि फर्म, र कृषि सहकारी समेतलाई सम्झनु पर्छ ।

**(ङ) कृषक समुह भन्नाले"** यस मैवाखोला गाउँपालिका भित्रको एउटा टोलको कृषकहरु एउटै सोच एउटै विचार एउटै लक्ष्य भएको १५ देखी २५ जना कृषकहरुको समुहले मैवाखोला गाउँपालिकामा नियम बमोजिम दर्ता भएको समुहलाई सम्झनु पदर्छ ।

**(च) कषि फर्म/कम्पनी भन्नाले"** यस मैवाखोला गाउँपालिका भित्रको कृषकहरु मध्ये अगुवा कृषकले कुनै पनि कृषि सम्बन्धि मैवाखोला गाउँपालिका वा अन्य संस्थामा नियम बमोजिम दर्ता भएको फर्म/कम्पनीलाई सम्झनु पदर्छ ।

**(छ) कृषि सहकारी भन्नाले"** बोलीचालीको भाषामा सबै मिलेर काम गर्नु हो । सहकारी भन्ने वित्तिकै आर्थिक स्तर, इच्छा, रुचि र आवश्यता तथा एउटा निश्चिच, भौगोलिक सिमा भित्र बसोवास गर्ने वा समान प्रकृतिका कार्यमा संलग्न भएका मानिसहरुले आपसि हितका निम्ती आर्थिक कारोवार गर्न स्थापित गरिएको संथा भन्ने बुझिन्छ । नेपाली बृहत शब्द कोषका अनुसार सहकारी संस्था भन्नाले किसान, मजदुर वा साना पुँजी भएका व्यावसायी वा उपभोक्ताहरुले साझा रुपमा मिलेर सबैको निम्ती उपभोग्य बस्तुको उत्पादन वा वितरण आदिको प्रवन्ध गर्ने पुँजी तथा श्रम अनुसार मुनाफा बाँडिने एक संस्था हो । एउटा साझा उद्देश्य लिएर एउटै भौगोलिक क्षेत्र भित्रका व्यात्तिहरुले आ-आफ्नो आर्थिक उन्तीको लागि दुई वा दुई भन्दा बढी व्यात्तिहरु मिलि आ-आफ्नो आयको केही अंश नियमित रुपमा ज्म्मा गरी आयमुलक कार्य सञ्चालन गर्न ऋण प्रदान गरेर समुह संस्थालाई निरन्तरता प्रदान नै सहकारी सम्झनु पदर्छ ।

## परिच्छेद-२

एक घर एक करेसाबारी सञ्चालन गर्नको लागी प्लास्टिक टनेल/कृषि जन्य सामाग्री तथा औजार उपकरण प्राप्त गर्ने प्रकृया

**३.निवेदन ढाचाँ तथा प्रकृया:-**यस कार्यविधि बमोजिम कृषक, अगुवा कृषक, कृषक समुह, कृषि फर्म र कषि सहकारीले अनुसुचि १ अनुसार निवेदन पेश गर्नु पर्ने छ ।

**४.छनौट प्रकृया:-** यस कार्यविधि बमोजिम अनुसुचि २ अनुसार कृषक, कृषक समुह, कृषि फर्म र कषि सहकारी छनौट गरिने छ ।

**५.प्लास्टिक टनेल/जैविक मल/जैविक विषदी/अन्न वालीको विउ विजन/तरकारीको विउ विजन/सिचाँई/कृषि जन्य सामाग्री तथा औजार उपकरण अन्य कार्यक्रम प्राप्त गर्नको लागी आवश्यक कागजातहरु:-**यस कार्यविधि बमोजिम कृषक, अगुवा कृषक, कृषक समुह, कृषि फर्म र कषि सहकारीले अनुसुचि ३ अनुसार निवेदन पेश गर्नु पर्ने छ ।

**६.बजेट व्यावस्था:-**मैवाखोला गाउँपालिकाबाट बजेट विनियोजन भई यस कार्यविधि बमोजिम कृषक, अगुवा कृषक, कृषक समुह, कृषि फर्म र कषि सहकारीले अनुसुचि ४ अनुसार प्लास्टिक टनेल कृषि जन्य सामाग्री तथा औजार उपकरण प्राप्त गर्ने छ ।
**७.सम्झौता पत्र:-**यो कार्यविधिको अनुसुचि ५ अनुसार सम्झौता हुनेछ ।

**८.अभिलेख तथा प्रतिवेदन:-**कृषि विकास शाखाले यस कार्यविधि बमोजिम वितरण गरिएको कृषक, अगुवा कृषक, कृषक समुह, कृषि फर्म, कषि सहकारीको अनुसुचि ६ अनुसार कार्यक्रम सञ्चालन पछी  अभिलेख तथा प्रतिवेदन पेश गर्ने छ ।

**९.अनुगमन तथा निरीक्षण:-**मैवाखोला गाउँपालिकाका अध्यक्ष, उपाअध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडाको वडा अध्यक्ष तथा कृषि विकास शाखाबाट नियमित अनुगमन गर्न सक्नेछ ।
**१०.संशोधन:-**कार्यपालिकाले आवश्यक्ता अनुसार संशोधन गर्न सक्नेछ ।

**अनुसुचि-१**
**(दफा ३ संग सम्बन्धित)**

एक घर एक करेसाबारीको लागी प्लास्टिक टनेल/जैविक मल/जैविक विषदी/अन्न वालीको विउ विजन/तरकारीको विउ विजन/सिचाँई/कृषि जन्य सामाग्री तथा औजार उपकरण मागको लागि दिने निवेदनको ढाचाँ

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू मिति ...../...../.....
मैवाखोला गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय
साघुँ, ताप्लेजुङ

विषय : प्लास्टिक टनेल/जैविक मल/जैविक विषदी/अन्न वालीको विउ विजन/तरकारीको विउ विजन/सिचाँइ/कृषि जन्य सामाग्री तथा औजार उपकरण पाँउ भन्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मैवाखोला गाउँपालिका कृषि विकास शाखाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार एक घर एक करेसाबारीको लागी प्लास्टिक टनेल/जैविक मल/जैविक विषदी/अन्न वालीको विउ विजन/तरकारीको विउ विजन/सिचाँई/कृषि जन्य सामाग्री तथा औजार उपकरण वितरण कार्यक्रम रहेको हुदाँ उत्त कार्यक्रम पाँउ भनि म मैवाखोला गाउँपालिका वडा नं..... बस्ने श्री .....................कृषक/कृषक समुह/कृषि फर्म कृषि सहकारीलाई प्लास्टिक टनेल/जैविक मल/जैविक विषदी/अन्न वालीको विउ विजन/तरकारीको विउ विजन/सिचाँई/कृषि जन्य सामाग्री तथा औजार उपकरण उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।

निवेदकः-
कृषक,समुह,कृषि फर्म र कषि सहकारी :-
नाम थर :-
पद :-
हस्ताक्षर :-
ठेगाना :-
सम्पर्क नं.:-

## अनुसुचि-२
## (दफा ४ संग सम्बन्धित)

प्लास्टिक टनेल/जैविक मल/जैविक विषदी/अन्न वालीको विउ विजन/तरकारीको विउ विजन/सिचाँई/कृषि जन्य सामाग्री तथा औजार उपकरण वितरण गर्दा कृषक, कृषक समुह र कृषि फर्म छनौट गरिने प्रकृया ।

**१.कृषकको हकमा :-**

(क) अगुवा कृषक
(ख) लगन शिलता
(ग) इमान्दारीता
(घ) लक्षित वर्ग

**२.समृहको हकमा :-**

(क) मासिक बैठक
(ख) समुह नविकरण
(ग) निरन्तरता
(घ) लगन शिलता
(ङ) पान नं.

**३.फर्म तथा कृषि कम्पनीको हकमा :-**

(क) कम्पनी तथा फर्म नविकरण
(ख) निरन्तरता
(ग) लगन शिलता
(घ) इमान्दारीता
(ङ) पान नं.
(च) कर चुक्ता
(छ) आ.ले.प./मा.ले.प. गरिएको प्रतिवेदन

**४. कृषि सहकारीको हकमा**

(क) मासिक बैठक
(ख) कषि सहकारीको नविकरण
(ग) निरन्तरता
(घ) लगन शिलता
(ङ) पान नं.
(च) कर चुक्ता
(छ) आन्तरिक लेखा परीक्षण/ माहा लेखा परीक्षण गरिएको प्रतिवेद

## अनुसुचि-३
## (दफा ५ संग सम्बन्धित)

प्लास्टिक टनेल/जैविक मल/जैविक विषदी/अन्न वालीको विउ विजन/तरकारीको विउ विजन/सिचाँई/कृषि जन्य सामाग्री तथा औजार उपकरण प्राप्त गर्नको लागी आवश्यक कागजातहरु

**१.कृषकको हकमा :-**

(क) निवेदन
(ख) नेपाली नागरिकताको फटोकापी
(ग) वडा कार्यालयको सिफारिस

**२.समुहको हकमा :-**

(क) समुहको लेटरप्याडमा निवेदन
(ख) समुह बैठक निर्णयको फटोकापी
(ग) समुहको दर्ता/नविकरणको फटोकापी
(घ) वडा कार्यालयको सिफारिस

**३.कम्पनी तथा फर्मको हकमा :-**

(क) कम्पनी तथा फर्म लेटरप्याडमा निवेदन
(ख) नेपाली नागरिकताको फटोकापी
(ग) कम्पनी तथा फर्म दर्ता/नविकरणको फटोकापी
(घ) कम्पनी तथा फर्म दर्ता भएको जग्गा धनिपुर्जाको फोटोकापी
(ङ) वडा कार्यालयको सिफारिस
(च) पान नं.
(छ) कर चुक्ताको फोटो कापी
(ज) आ.ले.प./मा.ले.प. गरिएको प्रतिवेदन

**४. कृषि सहकारीको हकमा :-**

(क) सहकारीको लेटरप्याडमा निवेदन
(ख) सहकारी बैठक निर्णयको फटोकापी
(ग) सहकारीको दर्ता/नविकरणको फटोकापी
(घ) वडा कार्यालयको सिफारिस
(ङ) पान नं.
(च) कर चुक्ताको फोटो कापी
(छ) आ.ले.प./मा.ले.प. गरिएको प्रतिवेदन

## अनुसुचि-४
## (दफा ६ संग सम्बन्धित)
## मैवाखोला गाउँपालिकाबाट बजेट विनियोजन

| क.स. | प्लास्टिक टनेल/कृषि जन्य सामाग्री तथा औजार उपकरण/स्पेसिफिकेसन | ईकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसुचि-५
## (दफा ७ संग सम्बन्धित)
## सम्झौता पत्रको नमुना ढाचाँ
## संम्झौता पत्र

मैवाखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय साँघु ताप्लेजुङ यस पछि (प्रथम पक्ष) भनिएको र मैवाखोला गाउँपालिका वडा नं.....ताप्लेजुङ स्थायी ठेगाना भएको श्री ................कृषक/कृषक/कृषि फर्म/कृषि सहकारी (दोस्रो पक्ष) भनिएको बिच देहायको शर्तहरुको अधिनमा यो सम्झौतामा सहिछाप गरि एक/ एक प्रति लियौं लियौं ।

१,पहिलो र दास्रो पक्ष बिच नर्सरी स्थापना संम्झौता मिति २०......./...../..... गते देखि लागु भएको मानिएको छ र यो सम्झौता मिति २०..../....../........सम्म कायम रहने छ ।

२,दोस्रो पक्षले मिति २०......./....../ ......गते सम्म काम सम्पन्न गर्नु पर्ने छ ।

३,पहिलो पक्षलाई दोस्रो पक्षले मैवाखोला गाउँपालिका वडा नं..............मा रहेको निजी जग्गामा/भाडाँको जग्गामा करेसा बारीमा प्लास्टिक टनेल/जैविक मल/जैविक विषदी/अन्न वालीको विउ विजन/तरकारीको विउ विजन/सिचाँई/कृषि जन्य सामाग्री तथा औजार उपकरण सञ्चालन गर्ने छ ।

४,दौस्रो पक्षले प्लास्टिक टनेल/जैविक मल/जैविक विषदी/अन्न वालीको विउ विजन/तरकारीको विउ विजन/सिचाँई/कृषि जन्य सामाग्री तथा औजार उपकरण उपकरण लगेको मितिबाट ३० दिन भित्र अनिवार्य प्लास्टिक टनेल/जैविक मल/जैविक विषदी/अन्न वालीको विउ विजन/तरकारीको विउ विजन/सिचाँई/कृषि जन्य सामाग्री तथा औजार उपकरण उपकरण सञ्चालन गर्नु पर्नेछ ।

यदि सो समय अवधी भित्र काम काम सञ्चालन नगरेमा मैवाखोला गाउँपालिकाबाट पाउने सबै प्रकारको सेवा सुविधाबाट बञ्चित हुनेछ ।

५,दास्रो पक्षले कम्पाउण्ड, पानी, बिजुलीको समुचित व्यावस्थापन गर्नुपर्नेछ ।

६,दास्रो पक्षले करेसा बारीमा प्लास्टिक टनेल/जैविक मल/जैविक विषदी/अन्न वालीको विउ विजन/तरकारीको विउ विजन/सिचाँई/कृषि जन्य सामाग्री तथा औजार उपकरण सञ्चालन गर्ने व्यक्तीले प्लास्टिक टनेल/जैविक मल/जैविक विषदी/अन्न वालीको विउ विजन/तरकारीको विउ विजन/सिचाँई/कृषि जन्य सामाग्री तथा औजार उपकरण  वाहेक अरु सामाग्री नज श्रम दान आफै व्यावस्था गर्नु पर्नेछ ।

७, दास्रो पक्षले प्लास्टिक टनेल/जैविक मल/जैविक विषदी/अन्न वालीको विउ विजन/तरकारीको विउ विजन/सिचाँई/कृषि जन्य सामाग्री तथा औजार उपकरण लिएको वर्ष देखि ३ वर्ष सम्म एक घर एक करेसा बारीको कार्यक्रमको शिर्षकबाट कुनै पनि सेवा सुविधा पाउने छैन ।

८,पहिलो पक्षले दास्रो पक्षलाई आफै प्लास्टिक टनेल/जैविक मल/जैविक विषदी/अन्न वालीको विउ विजन/तरकारीको विउ विजन/सिचाँई/कृषि जन्य सामाग्री तथा औजार उपकरण उपकरण खरिद गरी दोस्रो पक्षलाई वितरण गरिनेछ ।

९,दुबै पक्षले करेसा बारीमा प्लास्टिक टनेल/जैविक मल/जैविक विषदी/अन्न वालीको विउ विजन/तरकारीको विउ विजन/सिचाँई/कृषि जन्य सामाग्री तथा औजार उपकरणको सम्झौता अन्त्य गर्न चाहेमा एक महिना अगावै लेखित रुपमा जानकारी गराउनु पर्नेछ ।

१०,पहिलो पक्षले कार्यविधि अनुसार प्लास्टिक टनेल/जैविक मल/जैविक विषदी/अन्न वालीको विउ विजन/तरकारीको विउ विजन/सिचाँई/कृषि जन्य सामाग्री तथा औजार उपकरण उपकरणको सम्झौता सम्बन्धि थप कार्य गर्न सक्नेछ

११,यस सम्झौता पत्रमा छुटेका विषय बस्तुहरु सार्वजनिक ऐन नियमावली र कार्यविधि बमोजिम हुनेछ

| दास्रो पक्षको तर्फबाट | पहिलो पक्षको तर्फबाट |
|---|---|
| कृषक,कृषक समुह,कृषि फर्म र कषि सहकारी................ | नाम थर :- |
| नाम थर :- | दस्तखत :- |
| पद :- | पद :- |
| दस्तखत :- | कार्यालयः-कृषि विकास शाखा |
| ठेगाना :- मैवाखोला गाउँपालिका वडा नं. | |

| दायाँ | बायाँ |
|---|---|
| | |

**आज्ञाले**
**लक्ष्मी माया गोम्देन**
**प्रमुख प्रशासकीय अधिकृत**